# हाम्रो आभूषण,
# हाम्रो पहिचान

सांस्कृतिक मूल्य र मान्यताहरूले भरिपूर्ण हाम्रो जीवनमा आभूषण तथा गहनाले सौन्दर्य मात्र नभई परम्परागत, सांस्कृतिक तथा सामाजिक महत्त्व पनि बोक्दछ। कालिगडहरूको निपुण हातबाट सामान्य धातु गहनारूपी विशिष्ट कलामा परिणत हुन्छ जसले पुस्तौं पुस्तासम्म कुनै समुदायको कथा, धरोहर र पहिचानलाई जीवित राख्दछ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति च.नं. ३७९/८३ 'क' बाट स्वीकृति प्राप्त



## नयाँ वर्ष २०८३ को हार्दिक शुभकामना

लक्ष्यमा सँग-सँगै

# हाम्रो आभूषण, हाम्रो पहिचान

समृद्ध सांस्कृतिक विविधताको उद्यान नेपालमा विभिन्न समुदायले पुस्तौं देखि जगेर्ना गर्दै आएको कालिगडी सीप, कला र परम्पराले जन्माएका मनमोहक आभूषण तथा गहनाहरू हाम्रो परम्परागत, सांस्कृतिक तथा सामाजिक धरोहरको चिनारी तथा पहिचान हो।

विगतको समयको जीवनशैली झल्काउने यी गरगहनाहरूले प्रत्येक बुट्टाहरूमा पुर्खाको मौलिक संस्कृति, सौन्दर्य चेत, मेहनत र सीपलाई आजसम्म जीवन्त राख्दै आएका छन्।

तर आधुनिकताको नाममा कतिपय परम्परागत गहना ओझेल पर्दै जाने जोखिममा छन्। त्यसैले हाम्रो कलाको यो अमूल्य इतिहासलाई संरक्षण गर्नु र नयाँ पुस्तामाझ पुऱ्याउनु हरेक नेपालीको दायित्व हो।

परम्परागत गरगहना र कलाको इतिहास नयाँ पुस्तामा हस्तान्तरण गरौं !
मौलिक गहना लगाउने प्रचलन र बनाउने सीपलाई प्रोत्साहन गरौं !
आफ्नो मौलिकतामा गर्व गर्दै यसको संरक्षण गरौं !

# Calendar B.S. 2083

A Tribute to Nepal's Traditional Jewelry
**Twelve Forms. Twelve Stories.**

Each piece rooted in identity, shaped by craftsmanship, and carried across generations.

More than adornment, these are expressions of heritage — preserving culture, symbolizing belonging, and reflecting the diversity that unites us.

**Wishing you a New Year of**
**Good Health, Happiness, and Prosperity.**



# घाऊ माला

बहुमूल्य रत्नहरू र शुद्ध सुनबाट बन्ने जन्तर बाकससहित बनाइने यो माला घाँटीमा लगाइने गहना हो। यो मालाले नकारात्मक ऊर्जाविरुद्ध रक्षाकवचको रूपमा भूमिका निभाउने जनविश्वास छ।

यस गहना सम्बन्धी जानकारी मूलक भिडियो हेर्न QR Scan गर्नुहोस्

# वैशाख २०८३

## Apr/May 2026

| आइत Sun | सोम Mon | मंगल Tue | बुध Wed | बिही Thu | शुक्र Fri | शनि Sat |
|---|---|---|---|---|---|---|
| | | १ 14 | २ 15 | ३ 16 | ४ 17 | ५ 18 |
| ६ 19 | ७ 20 | ८ 21 | ९ 22 | १० 23 | ११ 24 | १२ 25 |
| १३ 26 | १४ 27 | १५ 28 | १६ 29 | १७ 30 | १८ May 1 | १९ 2 |
| २० 3 | २१ 4 | २२ 5 | २३ 6 | २४ 7 | २५ 8 | २६ 9 |
| २७ 10 | २८ 11 | २९ 12 | ३० 13 | ३१ 14 | | |

१ गते - नव वर्ष, ४ गते - मातातिर्थ औंसी (आमाको मुख हेर्ने दिन),
१८ गते - बुद्ध जयन्ती/उभौली पर्व/विश्व मजदुर दिवस



## घाऊ माला

लगाउने समुदाय : शेर्पा महिलाहरू
प्रयोग गरिने धातु : शुद्ध सुन (फिरोजा, माणिक्य, पन्ना, हिरा आदि जडित)
लगाइने अङ्ग : गला (घाँटी)



# लुँस्वां

यो नेवार समुदायको विवाहमा नव-दुलहीहरुले
शिरमा मुकुटझैं सिउरिने सुनको गहना हो।
“लुँस्वां” को नेपाल भाषामा अर्थ “सुनको फूल” हो
जुन सौभाग्यको प्रतीक पनि मानिन्छ।

यस गहना सम्बन्धी जानकारी मूलक
भिडियो हेर्न QR Scan गर्नुहोस्

# जेठ २०८३

## May/Jun 2026

| आइत Sun | सोम Mon | मंगल Tue | बुध Wed | बिही Thu | शुक्र Fri | शनि Sat |
|---|---|---|---|---|---|---|
| ३१ 14 | | | | | १ 15 | २ 16 |
| ३ 17 | ४ 18 | ५ 19 | ६ 20 | ७ 21 | ८ 22 | ९ 23 |
| १० 24 | ११ 25 | १२ 26 | १३ 27 | १४ 28 | १५ 29 | १६ 30 |
| १७ 31 | १८ Jun 1 | १९ 2 | २० 3 | २१ 4 | २२ 5 | २३ 6 |
| २४ 7 | २५ 8 | २६ 9 | २७ 10 | २८ 11 | २९ 12 | ३० 13 |

१५ गते – गणतन्त्र दिवस



## लुँस्वां

लगाउने समुदाय : नेवार महिलाहरू

प्रयोग गरिने धातु : सुन वा सुनको जलप लगाइएको धातु (रत्न जडित)

लगाइने अङ्ग : शिर



# च्याप्टे सुन

यो कानमा लगाइने ठूलो, गोलाकार र नामजस्तै चेप्टो आकारको गहना हो। सुनलाई पिटेर चेप्टो बनाई किनारा भित्रपट्टी मोडी बीच भागमा विभिन्न बुट्टा कुँदेर माणिक्य, पन्ना आदि रत्न जडेर यो गहना बनाइने गरिन्छ।

यस गहना सम्बन्धी जानकारी मूलक भिडियो हेर्न QR Scan गर्नुहोस्

# असार २०८३

## Jun/Jul 2026

| आइत Sun | सोम Mon | मंगल Tue | बुध Wed | बिही Thu | शुक्र Fri | शनि Sat |
|---|---|---|---|---|---|---|
| | १ 15 | २ 16 | ३ 17 | ४ 18 | ५ 19 | ६ 20 |
| ७ 21 | ८ 22 | ९ 23 | १० 24 | ११ 25 | १२ 26 | १३ 27 |
| १४ 28 | १५ 29 | १६ 30 | १७ Jul 1 | १८ 2 | १९ 3 | २० 4 |
| २१ 5 | २२ 6 | २३ 7 | २४ 8 | २५ 9 | २६ 10 | २७ 11 |
| २८ 12 | २९ 13 | ३० 14 | ३१ 15 | ३२ 16 | | |

१५ गते - दही चिउरा खाने दिन/राष्ट्रिय धान दिवस



## च्याप्टे सुन

लगाउने समुदाय : हिमाली तथा पहाडी भेगका तामाङ, मगर, गुरुङ, लिम्बु, राई आदि महिलाहरु

प्रयोग गरिने धातु : सुन (कहिलेकाहीँ माणिक्य, पन्ना जस्ता रत्न जडित)

लगाइने अङ्ग : कान



# कम्पनी माला

यो चाँदीका विभिन्न सिक्काहरूलाई रङ्गीन धागोमा सिएर बनाइने गहना हो। पूर्वी नेपालका महिलाहरूले लगाउने यस मालामा प्रयोग हुने सिक्काहरू विशेषत: परदेश गएकाहरूले घर फर्कदा ल्याएका सिक्का हुने गर्दथे।

यस गहना सम्बन्धी जानकारी मूलक भिडियो हेर्न QR Scan गर्नुहोस्

# साउन २०८३

Jul/Aug 2026

| आइत Sun | सोम Mon | मंगल Tue | बुध Wed | बिही Thu | शुक्र Fri | शनि Sat |
|---|---|---|---|---|---|---|
| ३१ 16 | | | | | १ 17 | २ 18 |
| ३ 19 | ४ 20 | ५ 21 | ६ 22 | ७ 23 | ८ 24 | ९ 25 |
| १० 26 | ११ 27 | १२ 28 | १३ 29 | १४ 30 | १५ 31 | १६ Aug 1 |
| १७ 2 | १८ 3 | १९ 4 | २० 5 | २१ 6 | २२ 7 | २३ 8 |
| २४ 9 | २५ 10 | २६ 11 | २७ 12 | २८ 13 | २९ 14 | ३० 15 |

१ गते - साउने सङ्क्रान्ति, १३ गते - गुरु पूर्णिमा, १५ गते - खीर खाने दिन



## कम्पनी माला

लगाउने समुदाय : लिम्बु, राई, शेर्पा आदि महिलाहरू

प्रयोग गरिने धातु : चाँदीका सिक्काहरू

लगाइने अङ्ग : गला (घाँटी)



# छड्के तिलहरी

यो गहना महिलाहरुले विवाह, तीजलगायत धार्मिक पर्व तथा विशेष अवसरहरूमा काँधदेखि कम्मरसम्म पुग्नेगरी छड्के रूपमा लगाउने आभूषण हो। विवाहमा नव-दुलहीलाई आफ्नो श्रीमानले उपहारस्वरूप दिने “छड्के तिलहरी” सौभाग्यको प्रतीक पनि हो।

यस गहना सम्बन्धी जानकारी मूलक भिडियो हेर्न QR Scan गर्नुहोस्

# भदौ २०८३

## Aug/Sep 2026

| आइत Sun | सोम Mon | मंगल Tue | बुध Wed | बिही Thu | शुक्र Fri | शनि Sat |
|---|---|---|---|---|---|---|
| | १ 17 | २ 18 | ३ 19 | ४ 20 | ५ 21 | ६ 22 |
| ७ 23 | ८ 24 | ९ 25 | १० 26 | ११ 27 | १२ 28 | १३* 29 |
| १४ 30 | १५ 31 | १६ Sep 1 | १७ 2 | १८ 3 | १९ 4 | २० 5 |
| २१ 6 | २२ 7 | २३ 8 | २४ 9 | २५ 10 | २६ 11 | २७ 12 |
| २८ 13 | २९* 14 | ३० 15 | ३१ 16 | | | |

१२ गते - जनै पूर्णिमा/रक्षाबन्धन, *१३ गते - गाईजात्रा (काठमाडौं उपत्यका बिदा/देशभरका नेवार समुदायलाई बिदा), १९ गते - श्रीकृष्ण जन्माष्टमी/गौरा पर्व (गौरा पर्व मनाउनेलाई मात्र बिदा), २६ गते - कुशे औंसी (बुबाको मुख हेर्ने दिन), *२९ गते - हरितालिका तीज (महिला कर्मचारीलाई मात्र बिदा)/राष्ट्रिय बाल दिवस



## छड्के तिलहरी

लगाउने समुदाय : विशेषगरी हिन्दु विवाहित महिलाहरू

प्रयोग गरिने धातु : सुन (लाहा र हरियो/रातो पोतेसहित)

लगाइने अङ्ग : काँधदेखि कम्मरसम्म छड्के रूपमा



# यार्लिङ

यो झुम्का शैलीमा बनेको कानमा लगाइने सुनको गहना हो। यो फूलेको फूल र फूलको पत्रहरू जस्तै सुन्दर आकृतिमा कुँदेर बनाइने गरिन्छ।

यस गहना सम्बन्धी जानकारी मूलक भिडियो हेर्न QR Scan गर्नुहोस्

# असोज २०८३

## Sep/Oct 2026

| आइत Sun | सोम Mon | मंगल Tue | बुध Wed | बिही Thu | शुक्र Fri | शनि Sat |
|---|---|---|---|---|---|---|
| | | | | १ 17 | २ 18 | ३ 19 |
| ४ 20 | ५ 21 | ६ 22 | ७ 23 | ८ 24 | ९* 25 | १० 26 |
| ११ 27 | १२ 28 | १३ 29 | १४ 30 | १५ Oct 1 | १६ 2 | १७ 3 |
| १८* 4 | १९ 5 | २० 6 | २१ 7 | २२ 8 | २३ 9 | २४ 10 |
| २५ 11 | २६ 12 | २७ 13 | २८ 14 | २९ 15 | ३० 16 | ३१ 17 |

१ गते - विश्वकर्मा पूजा, ३ गते - संविधान दिवस, *९ गते - इन्द्रजात्रा (काठमाडौं उपत्यका बिदा), *१८ गते - जितिया पर्व (जितिया पर्व मनाउने महिला कर्मचारीलाई मात्र बिदा), २५ गते - घटस्थापना, ३१ गते - फूलपाती



### यार्लिङ

लगाउने समुदाय : राई, लिम्बु, मगर तथा भोट-बर्मेली महिलाहरू

प्रयोग गरिने धातु : सुन (रातो र हरियो पत्थर जडित)

लगाइने अङ्ग : कान



# कल्ली

महिलाहरूले पाउमा लगाउने यो गहना चाँदीबाट बनेको हुन्छ। यसमा कुँदिएका पौराणिक कथाबाट प्रेरित आकृतिहरूले नकारात्मक ऊर्जाहरूबाट सुरक्षा दिने विश्वास गरिन्छ।

यस गहना सम्बन्धी जानकारी मूलक भिडियो हेर्न QR Scan गर्नुहोस्

# कात्तिक २०८३

## Oct/Nov 2026

| आइत Sun | सोम Mon | मंगल Tue | बुध Wed | बिही Thu | शुक्र Fri | शनि Sat |
|---|---|---|---|---|---|---|
| १ 18 | २ 19 | ३ 20 | ४ 21 | ५ 22 | ६ 23 | ७ 24 |
| ८ 25 | ९ 26 | १० 27 | ११ 28 | १२ 29 | १३ 30 | १४ 31 |
| १५ Nov 1 | १६ 2 | १७ 3 | १८ 4 | १९ 5 | २० 6 | २१ 7 |
| २२ 8 | २३ 9 | २४ 10 | २५ 11 | २६ 12 | २७ 13 | २८ 14 |
| २९ 15 | ३० 16 | | | | | |

१ गते - महाअष्टमी, २ गते - दसैँ बिदा, ३ गते - महानवमी, ४ गते - विजया दशमी, ५ गते - एकादशी, ६ गते - द्वादशी, २१ गते - काग तिहार, २२ गते - कुकुर पूजा/लक्ष्मी पूजा, २३ गते - गाई पूजा, २४ गते - गोवर्धन पूजा/म्हः पूजा/नेपाल संवत् ११४७ प्रारम्भ, २५ गते - भाइटीका/फाल्गुनन्द जयन्ती (किरात धर्मावलम्बीलाई बिदा), २६ गते - तिहार बिदा, २९ गते - छठ पूजा



## कल्ली

लगाउने समुदाय : विभिन्न समुदायका महिलाहरू

प्रयोग गरिने धातु : चाँदी

लगाइने अङ्ग : पाउ



# शिरबन्दी

यो शुभ साइत एवं विशेष धार्मिक, सांस्कृतिक तथा वैवाहिक समारोहहरूमा शिरोधारण गरिने सुनको गहना हो। यो गहनालाई सौभाग्यको प्रतीकको रूपमा लिइन्छ।

यस गहना सम्बन्धी जानकारी मूलक भिडियो हेर्न QR Scan गर्नुहोस्

# मङ्सिर २०८३

## Nov/Dec 2026

| आइत Sun | सोम Mon | मंगल Tue | बुध Wed | बिही Thu | शुक्र Fri | शनि Sat |
|---|---|---|---|---|---|---|
| | | १ 17 | २ 18 | ३ 19 | ४ 20 | ५ 21 |
| ६ 22 | ७ 23 | ८ 24 | ९ 25 | १० 26 | ११ 27 | १२ 28 |
| १३ 29 | १४ 30 | १५ Dec 1 | १६ 2 | १७* 3 | १८ 4 | १९ 5 |
| २० 6 | २१ 7 | २२ 8 | २३ 9 | २४ 10 | २५ 11 | २६ 12 |
| २७ 13 | २८ 14 | २९ 15 | | | | |

१७ गते - अन्तर्राष्ट्रिय अपाङ्गता दिवस (अपाङ्गता भएका कर्मचारीलाई बिदा)



## शिरबन्दी

लगाउने समुदाय : बाहुन, क्षेत्री, नेवार, राई, लिम्बु, तामाङ, गुरुङ, मगर आदि महिलाहरु

प्रयोग गरिने धातु : सुन

लगाइने अङ्ग : शिर (निधार र सिउँदो)



# बुलाकी

यो नाकको बीचमा छेडी लगाइने मुन्द्रे वा झुम्के शैलीमा बनाइएको सुनको गहना हो। गोलाकार तारमा विभिन्न तौल र आकारको बुट्टेदार झुम्का, बहुमूल्य पत्थर आदि झुन्ड्याई यो गहना बनाइएको हुन्छ।

यस गहना सम्बन्धी जानकारी मूलक भिडियो हेर्न QR Scan गर्नुहोस्

# पुस २०८३

## Dec 2026/Jan 2027

| आइत Sun | सोम Mon | मंगल Tue | बुध Wed | बिही Thu | शुक्र Fri | शनि Sat |
|---|---|---|---|---|---|---|
| | | | १ 16 | २ 17 | ३ 18 | ४ 19 |
| ५ 20 | ६ 21 | ७ 22 | ८ 23 | ९ 24 | १० 25 | ११ 26 |
| १२ 27 | १३ 28 | १४ 29 | १५ 30 | १६ 31 | १७ Jan 1 | १८ 2 |
| १९ 3 | २० 4 | २१ 5 | २२ 6 | २३ 7 | २४ 8 | २५ 9 |
| २६ 10 | २७ 11 | २८ 12 | २९ 13 | ३० 14 | | |

९ गते - धान्य पूर्णिमा/उधौली पर्व/योमरी पुन्हि, १० गते - क्रिसमस-डे,
१५ गते - तमु ल्होसार, २७ गते - पृथ्वी जयन्ती/राष्ट्रिय एकता दिवस



## बुलाकी

लगाउने समुदाय : पूर्वी-पहाडी, सुदूरपश्चिम तथा तराई भेगका महिलाहरू
प्रयोग गरिने धातु : सुन (बहुमूल्य पत्थर जडित)
लगाइने अङ्ग : नाक



# कण्ठमाला

यो माला विशेष पर्व, विवाह र सामुदायिक समारोहहरूमा घाँटीमा लगाइने सुनको गहना हो र ठाउँ अनुसार छुट्टै बुट्टा र शैलीहरूमा बनाइने गरिन्छ।

यस गहना सम्बन्धी जानकारी मूलक भिडियो हेर्न QR Scan गर्नुहोस्

# माघ २०८३

Jan/Feb 2027

| आइत Sun | सोम Mon | मंगल Tue | बुध Wed | बिही Thu | शुक्र Fri | शनि Sat |
|---|---|---|---|---|---|---|
| | | | | | १ 15 | २ 16 |
| ३ 17 | ४ 18 | ५ 19 | ६ 20 | ७ 21 | ८ 22 | ९ 23 |
| १० 24 | ११ 25 | १२ 26 | १३ 27 | १४ 28 | १५ 29 | १६ 30 |
| १७ 31 | १८ Feb 1 | १९ 2 | २० 3 | २१ 4 | २२ 5 | २३ 6 |
| २४ 7 | २५ 8 | २६ 9 | २७ 10 | २८* 11 | २९ 12 | |

१ गते - माघी पर्व/माघे सङ्क्रान्ति, ८ गते - श्री स्वस्थानी व्रत कथा प्रारम्भ,
१६ गते - सहिद दिवस, २४ गते - सोनाम ल्होछार,
*२८ गते - सरस्वती पूजा/वसन्त पञ्चमी (शिक्षण संस्था बिदा)



## कण्ठमाला

लगाउने समुदाय : गुरुङ, मगर, कुमाल, राई,
लिम्बु आदि महिलाहरु
प्रयोग गरिने धातु : सुन (लाहा र फेल्ट सहित)
लगाइने अङ्ग : गला (घाँटी)



# नथिया/नत्थी

यो विवाहित महिलाहरूले लगाउने चाँदीको मसिनो तारबाट बनेको बुट्टेदार र रत्नजडित गहना हो। नाकमा लगाई सिक्रीद्वारा शिर वा कानको गहनामा अड्याइने यो गहना सोह्र श्रृङ्गार र सौभाग्यको प्रतीक हो।

यस गहना सम्बन्धी जानकारी मूलक
भिडियो हेर्न QR Scan गर्नुहोस्

# फागुन २०८३

## Feb/Mar 2027

| आइत Sun | सोम Mon | मंगल Tue | बुध Wed | बिही Thu | शुक्र Fri | शनि Sat |
|---|---|---|---|---|---|---|
| ३० 14 | | | | | | १ 13 |
| २ 14 | ३ 15 | ४ 16 | ५ 17 | ६ 18 | ७ 19 | ८ 20 |
| ९ 21 | १० 22 | ११ 23 | १२ 24 | १३ 25 | १४ 26 | १५ 27 |
| १६ 28 | १७ Mar 1 | १८ 2 | १९ 3 | २० 4 | २१ 5 | २२ 6 |
| २३ 7 | २४ 8 | २५ 9 | २६ 10 | २७ 11 | २८ 12 | २९ 13 |

७ गते - राष्ट्रिय प्रजातन्त्र दिवस, ८ गते - श्री स्वस्थानी व्रत कथा समाप्त,
२२ गते - महाशिवरात्री, २४ गते - अन्तर्राष्ट्रिय महिला दिवस, २५ गते - ग्याल्पो ल्होसार



## नथिया/नत्थी

लगाउने समुदाय : तराई-मधेशका विशेष गरी मैथिल महिलाहरू
प्रयोग गरिने धातु : चाँदी (रत्न वा पत्थर जडित)
लगाइने अङ्ग : नाकको देब्रे भाग



# हसुली

यो बाक्लो धातुलाई अर्धचन्द्र आकारमा घुमाएर बनाइने गहना हो। यसको दुई छेउ नजोडिएको हुनाले खुल्ला भागबाट गला छिराई पहिरिने गरिन्छ।


यस गहना सम्बन्धी जानकारी मूलक भिडियो हेर्न QR Scan गर्नुहोस्

# चैत २०८३

Mar/Apr 2027

| आइत Sun | सोम Mon | मंगल Tue | बुध Wed | बिही Thu | शुक्र Fri | शनि Sat |
|---|---|---|---|---|---|---|
| | १ 15 | २ 16 | ३ 17 | ४ 18 | ५ 19 | ६ 20 |
| ७* 21 | ८* 22 | ९ 23 | १० 24 | ११ 25 | १२ 26 | १३ 27 |
| १४ 28 | १५ 29 | १६ 30 | १७ 31 | १८ Apr 1 | १९ 2 | २० 3 |
| २१ 4 | २२ 5 | २३* 6 | २४ 7 | २५ 8 | २६ 9 | २७ 10 |
| २८ 11 | २९ 12 | ३० 13 | | | | |

*७ गते - फागु पूर्णिमा (हिमाल र पहाडी जिल्ला बिदा), *८ गते - फागु पूर्णिमा (तराई जिल्ला बिदा)
*२३ गते - घोडेजात्रा (काठमाडौं उपत्यका बिदा)



## हसुली

लगाउने समुदाय : थारु महिलाहरु

प्रयोग गरिने धातु : चाँदी, पित्तल वा अन्य मिश्रित धातु

लगाइने अङ्ग : गला (घाँटी)



यस पात्रोमा समेटिएका आभूषण तथा तिनका विवरणहरुको मौलिकता र तथ्यहरुको सत्यता सम्बन्धित समुदायको संस्कृति र परम्परा अनुरुप कायम गर्न विशेष सावधानी अपनाइएको छ र तथ्यपूर्ण सामग्रीमात्र समेट्न हरसम्भव प्रयास गरिएको छ।